आद्य शंकराचार्य विरचितम्

चर्पटपञ्जरिकास्तोत्रम्



८९१:८८
रि ८३ च

अनुवादक: प्रा. शिवगोपाल रिसाल

चर्पटपञ्जरिकास्तोत्रम्

अनुवादक

प्रा. शिवगोपाल रिसाल

गीता समुदय प्रकाशन

काठमाण्डौ

२०५३

चर्पटपञ्जरिकास्तोत्रम्

प्रकाशक :

गीता समुदय प्रकाशन

बागबजार चोक

काठमाण्डौ

दोस्रो संशोधित र परिवर्द्धित संस्करण : १००० प्रति

मूल्य : दश रुपैया

(यस पुस्तकको विक्रीबाट उठेको रकम अन्य पुस्तकहरूको प्रकाशनमा उपयोग गरिने छ ।)

कम्प्यूटर टाइपसेटिङ्ग :
वर्डस्केप, नक्साल
फोन ४१०२९०

९८९.४८

मुद्रक :
सहयोगी प्रेस
त्रिपुरेश्वर, काठमाण्डौ ।

प्रकाशकको कथन

गीता समुदय प्रकाशनको स्थापना, जनसाधारणमा धर्माचरण गर्ने प्रवृत्तिलाई बलियो पार्दै धर्म र नैतिकतामा आधारित एक उन्नतिशील समाजको विकासमा योगदान गर्ने तथा सनातन धर्ममा रुचि बढाउने पुस्तक-पुस्तिका प्रकाशित गरी जनसाधारणलाई सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले भएको हो । उपर्युक्त उद्देश्य प्राप्त गर्ने क्रममा गीता समुदय प्रकाशनले यो दोस्रो पुस्तक पाठक समक्ष प्रस्तुत गर्दैछ ।

यो पुस्तक पहिले प्रकाशित भइसकेको छ, तर हाल बजारमा अप्राप्य छ । तसर्थ यस पुस्तकको महत्व र प्रभावकारितालाई ध्यानमा राख्दै गीता समुदय प्रकाशनले यसको दोस्रो संस्करण प्रकाशित गर्नलागेको हो । यस संस्करणमा संस्कृतश्लोकहरुको नेपाली पद्यानुवाद पनि थप समावेश गरिएको छ । यस पुस्तकमा प्रा. श्रीशिवगोपाल रिसालले आद्यशंकराचार्यद्वारा प्रणीत चर्पटपञ्जिकास्तोत्रको नेपाली पद्यानुवादको अतिरिक्त अन्वयार्थ र भावार्थ सहित व्याख्या पनि सरल र सरस भाषामा प्रस्तुत गर्नुभएको छ ।

पाठकहरुलाई आफ्नो जीवन शान्त, सुखी र सार्थक बनाउनमा यस पुस्तकबाट सहायता मिल्ने छ, र कतिपय पाठकहरुलाई यसले हाम्रा धर्मशास्त्रको बढी गहन अध्ययन गरी मानव-जीवनको परमलक्ष्य प्राप्त गर्न प्रेरित पनि गर्ने छ भन्ने आशाले यो पुस्तक प्रकाशित गरिएको हो ।

यस पुस्तकको प्रकाशन सम्बन्धी सम्पूर्ण व्यय-भार श्री एम.एस.सुवालले बहन गर्नुभएकोमा यस प्रकारको सहृदय उदारताका लागि उहाँप्रति गीता समुदय प्रकाशनका तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै, गीता समुदय प्रकाशनलाई पुस्तकको यो संशोधित र परिवर्तितरूप प्रकाशित गर्ने अनुमति दिनुभएकोमा प्रा. श्रीशिवगोपाल रिसालज्यूमा धन्यवाद अपर्ण गर्दछु ।

अध्यक्ष

गीता समुदय प्रकाशन

अनुवादकका तर्फबाट

१. पूर्वप्रसंग: कुनै समय श्रीमद्भगवद्पाद श्रीआद्यजगद्गुरु शङ्कराचार्य काशीमा गंगास्नानका लागि गइरहनुभएको थियो । बाटामा एक जना बूढा ब्राह्मण संस्कृत व्याकरणको 'डुकृञ्करणे' धातुको पाठ गर्दै कण्ठ घोकिरहेका थिए अर्थात् त्यही सूत्रलाई दोहोऱ्याई, तेहऱ्याई बारम्बार आवृत्ति गरिरहेका थिए । काशी जस्तो पवित्र तीर्थस्थलमा, प्रात: कालमा, ब्राह्मणदेव त्यसमा पनि वृद्धभइसकेका यस्ता श्रद्धेय पुरुषले व्याकरणको एउटा धातुको पाठ घोक्ने कर्म गरिरहेछन् । 'काशी मरणान्मुक्ति:' भन्ने शास्त्रवचन अनुसार काशीमा शरीर छुटे मुक्ति प्राप्त हुन्छ भन्ने कुरामा आज पनि हामी विश्वस्त छौं । भगवान् विश्वनाथले मर्न लागेका बिरामीलाई रामको तारक मन्त्र प्रदान गर्नुहुन्छ र सोही मन्त्रको किंवा रामनामको प्रभावले, प्रतापले मुमूर्षु मुक्त हुन्छ भन्ने कुराको उल्लेख अध्यात्मरामायणमा पनि पाइन्छ । फेरि जगद्गुरु शङ्कराचार्यले 'काशी-पंचकम्' शीर्षकको वेदान्तस्तोत्रमा काशीको महिमा गाउँदै लेख्नुभएको छ -

काश्यां हि काश्यते काशी काशी सर्वप्रकाशिका ।
सा काशी विदिता येन तेन प्राप्ता हि काशिका ॥

आफू सर्वप्रकाशक चैतन्यरूप हो, प्रकाशस्वरूप हो । आफूमा अज्ञानरूपी अन्धकार छँदैछैन भनी स्वीकार गर्नु नै काशी भएकाले काशीको यथार्थ अर्थ हो ज्ञान ।

जे होस् काशीको भौतिक एवं आध्यात्मिक दुवै प्रकारको महत्ता

एवं महिमा महान् भएकाले एक त काशी, दोस्रो अत्यन्त वृद्धउमेर, तेस्रो ब्राह्मणशरीर, चौथो पढेगुनेका शिक्षित, पाचौं प्रात:काल- अब यति बेला परमात्म-चिन्तन, भगवान्को भजन, सत्संग, पूजा-पाठ आदि छोडेर व्याकरणको धातु कण्ठ गर्नेतिर लाग्नु समयको, स्थानको, स्वयंको, बुद्धिको सदुपयोग गर्न नसक्नु नै सिद्ध हुन्छ। यी ब्राह्मण संभवत: वैयाकरण रहेछन्। व्याकरणको प्रबलवासना भएको हुनाले आफ्नो उमेर बितिसक्दा पनि अर्थात् काल नजिक आइसक्दा पनि उही धातु पाठतिरै लागिरहेका छन्। वास्तवमा उमेर बितिसकेपछि, मर्नेबेला भइसकेपछि परमात्मा मुकुन्दको, दामोदरको, रामको, कृष्णको, नारायणको वा गोविन्दको भजन गरेर समय बिताउनुपर्ने थियो। यसरी उमेर भेट्किसकेपछिको व्याकरणको ज्ञानले आफ्नो पारमार्थिक लाभ नहुने कुरा यी बूढा ब्राह्मणले पटक्कै बुझेका रहेनछन्। त्यसैले जगद्गुरु भगवान् आद्यशङ्कराचार्यले यी र यस्ता बाटो बिराएका सज्जनहरूको कल्याणका निम्ति यो स्तोत्र रचना गर्नुभयो र गोविन्द भजनका लागि प्रेरणा दिनुभयो। यी बूढा ब्राह्मण त निमित्त मात्र बने। भनिन्छ यो स्तोत्र तत्काले भगवान् शङ्कराचार्यले सम्पूर्ण मुमुक्षुहरूको कल्याणका लागि उपदेशका रूपमा रचना गर्नुभयो। आज वेदान्तजगत्मा ठूलो प्रसिद्धि पाएको चर्पटपञ्जरिका वा चर्पटपंजरिकास्तोत्र यही नै हो। सत्र श्लोकको यो उपदेशस्तोत्रमा आचार्य शङ्करकै 'मोहमुद्गर' नामक एकतीस श्लोकसम्म भएको स्तोत्र ग्रन्थसंग धेरै

श्लोक मिल्दाजुल्दा छन् र यसमा पनि थुप्रै पाठभेद पाइएकाले 'ओरियन्टल बुक एजेन्सी पूना' द्वारा, सन् १९२५ मा प्रकाशित दोस्रो संस्करणको 'श्रीशङ्कराचार्य विरचित प्रकरण ग्रन्थ' लाई आधार मानिएको छ र साधु समाजमा अत्यन्त प्रचलित सत्र श्लोकको मात्र यहाँ अनुवाद गरिएको छ ।

२. सामान्यत: प्रस्तुत स्तोत्र सम्पूर्ण मुमुक्षुहरूमा तीव्र वैराग्य उदय गराउनका लागि र आत्मचिन्तनमा प्रेरित गर्नका लागि अत्यन्त स्पष्ट, अत्यन्त मार्मिक र सरल उपाय बनेको छ। अझ भारतीय संन्यासी संप्रदायमा, मठ, मन्दिरमा, आश्रम र घरघरमा समेत यसको नियमितरूपमा प्रात: र सायंकालिक सन्ध्यामा पाठ गरिन्छ - सामूहिकरूपमा । वैराग्यको उदयपूर्वक ब्रह्मवस्तु जान्ने जिज्ञासा उत्पन्न गर्नका लागि यो उपदेशरूप स्तोत्र निकै सहायक सिद्ध हुनेछ, भएको छ। यसमा सरल भाषामा वेदान्तको निगूढ रहस्य छर्लङ्ग पारिएको छ। ब्रह्मज्ञानलाई सर्वोपरि मानी अन्य सांसारिक उपलब्धिलाई अत्यन्त तुच्छ हो भनिएको यस उपदेशले मानव जीवनको सर्वोच्च लाभ ब्रह्मसाक्षात्कारपूर्वक मोक्ष प्राप्ति गर्नु नै हो भन्ने सिद्धान्त प्रतिपादन गरेको छ ।

३. संसारमा अत्यन्त आसक्त भएका, मूढबुद्धि भएका, समय, उमेर, परिस्थिति, स्थान (तीर्थ) आदिको महिमा नबुझेका, काल नजिकै आइसकेको कुरो पत्तै नपाएर संसारमैं रमाउन नछाडेकाहरूलाई सम्बोधन गर्दै गोविन्द परमात्माको भजन, कीर्तन र अनुसन्धान गरी चित्त शुद्ध बनाऊ भन्ने उपदेश दिनुहुन्छ जगद्गुरु श्रीशंकराचार्य । मर्ने बेलामा व्याकरणले,

कल्याणी रेग्मी

न्याय वा ज्योतिषले, मीमांसा (कर्मकाण्ड) जस्ता प्रेयमार्गका प्रेरक विद्याले वा अन्य सांसारिक उपायले रक्षा गर्दैन; रक्षा गर्छ गोविन्दको नाम उच्चारणले, नामसङ्कीर्तनले, गोविन्दको भजनले, सर्वात्मभावेन श्रीपरमात्मा पुरुषोत्तममा आत्मसमपर्ण गर्नाले, आफ्नो अहं छोड्नाले, सम्पूर्ण प्रकारका वासनारहित हुनाले र ब्रह्मबोध प्राप्त गर्नाले ।

४. हाम्रो मृत्यु सदासर्वदा आँखाको अगाडि छ । हामीलाई एक निमेष पछिसम्मको कुरो पनि थाहा छैन, थाहा हुँदैन । त्यसैले संसारमा, धन-सम्पत्तिमा, शक्ति र मानमा, माया र मोहमा, तेरो र मेरोमा अभिमान गर्दै, आसक्त हुँदै, हुरुक्क मरिमेट्नेहरू-लाई लक्ष्य गर्दै भगवान् आद्यजगद्गुरु श्रीशंकराचार्य भन्नुहुन्छ- *'मृत्युको भयबाट अनि मृत्युबाट नै वास्तवमा रक्षा गर्नुहुन्छ भगवान् गोविन्दले । त्यसैले तिमी गोविन्दको भजन गर, गोविन्दमा समर्पित बन ।'*

५. यो भक्तिपरक स्तोत्र हो, वेदान्तपरक उपदेश हो । स्तोत्र त भजन गर्नु क्रियासँग सम्बद्ध भएकाले कर्म पनि हो । फेरि 'भज गोविन्दं' धेरै पटक दोहोरिए तापनि वेदान्तमूलक भएकाले दूषण नबनेर भूषण बन्नगएको छ । भक्तिमा, वेदान्तमा दृढअभ्यासका लागि यस प्रक्रियालाई नितान्त आवश्यक नै मानिएको छ । यो सामान्य साहित्य होइन, त्यसैले पुनरावृत्ति दोष यहाँ लाग्दैन । प्रत्येक श्लोकमा तीन पटक 'भज गोविन्दं' भन्नुको तात्पर्य हो - तीन गुणबाट पर हुन, तीन अवस्थादेखि माथि उठ्न, तीन लोकलाई जित्न, तीन तापबाट मुक्त हुन, त्रिपुटीदेखि परको तत्त्व

बुझ्न । यो त नाम-सङ्कीर्तन हो, जप हो, वेदान्त-चिन्तन हो, भक्तिको सोपान हो । अनि वेदान्तको ज्ञानले भरिपूर्ण भएकाले ज्ञानमूलक हो । त्यसैले यस उपदेशलाई कर्म, भक्ति र ज्ञानको त्रिवेणी भन्न सकिन्छ । यसमा श्रद्धापूर्वक, भक्तिपूर्वक गोता लगाउनेहरूको चित्त शुद्ध हुन्छ, विशुद्ध हुन्छ, चित्त अन्तर्मुख हुन्छ, स्थिर हुन्छ र अचित्त हुन्छ । अर्थात् चित्तशोधनपूर्वक ज्ञानोदय हुन्छ र मोक्षलाभ हुन्छ । आद्यजगद्गुरु श्रीशंकराचार्यमा हार्दिक वन्दना ! शिवमस्तु ।

प्रा. शिवगोपाल रिसाल
'शिव-मन्दिर'
शान्तिकुना, जाउलाखेल,
ललितपुर- ५

२०४९ वैशाख शुक्ल पंचमी
(श्रीशंकराचार्य जयन्ती)

चर्पटपञ्जरिकास्तोत्रम् ।

भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते ।
प्राप्ते सन्निहिते मरणे नहि नहि रक्षति डुकृञ्करणे ॥

(ध्रुवपदम्)

भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूर्ख हरे !
मर्ने बेला डुकृञ्करणे (ले) कसरी रक्षा गर्छ हरे ?

अन्वयार्थः

मूढमते = ए ! बुद्धि नभएका (संसारी जीव), गोविन्द = गोविन्दलाई (को), भज = भजन गर । डुकृञ्करणे = डुकृञ्करणे धातुको विवेचना गरेर, धातु कण्ठ पारेर, घोकेर, मरणेसन्निहिते प्राप्ते = मृत्यु नजिकै प्राप्त भएका बेलामा (मर्ने बेला आइसकेपछि तिमी र तिमी जस्ता अरुहरुको पनि), नहि नहि रक्षति = रक्षा गर्दैन, रक्षा गर्दैन, अथवा रक्षा गर्दै-गर्दैन (एक, दुई, तीन रक्षा गर्दै-गर्दैन) ।

भावार्थः

गोविन्दको भजन गर । एकाग्र चित्तले गोविन्दको भजन गर । सर्वात्म-भावनाले गोविन्दको भजन गर । हे मूढबुद्धि भएका, पढेका मूर्ख ! बुद्धिबाट मूढतालाई मिल्काऊ र गोविन्दको भजन गर । तिम्रो उमेर निकै गइसक्यो अर्थात् तिमी बूढा भइसक्यौ, तिम्रा इन्द्रियहरू शिथिल भइसकेका छन् । तिम्रा शरीरमा नाना प्रकारका रोगहरूले आक्रमण गर्न लागिसकेका छन् । अब केही दिनभित्र नै तिमीले यस संसारबाट बिदा लिनुपर्ने छ । जब विकराल कराल कालले

तिमीलाई कक्रक्क पारेर लैजान लाग्छ त्यति बेला तिमीलाई 'डुकृञ्करणे' भन्ने व्याकरणका धातुले रक्षा गर्दैन । यसर्थ वृद्धावस्था प्राप्त भइसकेपछि पनि तिम्रा घैंटामा घाम नलाग्नु र हरि-भजनमा नलागी अझै संसारको वासनाले वासित हुनु नितान्त मूर्खता र दुर्भाग्य हो । वैयाकरण बन्ने लोभले तिमीलाई सताइरहेछ र त्यसैको अभ्यास अहिलेसम्म गरिरहेका छौ । अब यो विद्या कहाँ प्रयोग गरुँला भन्ने ठानेका छौ ? श्रुति, स्मृति, न्याय आदि शास्त्रमा भएका कुरा जान्नका लागि भाषिक ज्ञान चाहिन्छ। त्यसैका लागि संस्कृत व्याकरण ज्ञानको आवश्यकता छ । तर जन्म, मृत्युको, चक्रबाट पार पाउनका निमित्त भने व्याकरण समर्थ छैन वा व्याकरणका धातुसूत्र जतिसुकै घोके पनि, कण्ठ पारे पनि मृत्युका मुखबाट उम्कन सकिदैन, फेरि नजन्मने हुन सकिदैन । त्यसकारण जति सक्यो भगवान्, नारायण, कृष्ण, गोविन्द परमात्माको भजन गर्नसके मात्र चित्त शुद्ध हुन्छ र मानव जीवनको अन्तिम उद्देश्य प्राप्त गरी मोक्षलाभ गर्न हामी समर्थ हुने छौं । यसर्थ गोविन्दको भजन गर। अहिले उमेरले, अनुभवले र वास्तविक तात्त्विक दृष्टिले भन्ने हो भने सूत्र घोक्ने बेला होइन, हरिभजन गर्ने बेला हो; भगवान्को भक्त बन्ने बेला हो; शास्त्रको पंक्ति कण्ठ गर्ने बेला होइन, शास्त्रको मर्म बुझेर जीवनमा व्यवहारमा प्रयोग गर्ने बेला हो । शास्त्रमा उल्लेख भएका नाना प्रकारका विधि- विधान, साधन, उपाय आदि आदि धेरै कुरा जान्ने होइन, बरु भगवान् गोविन्दलाई मात्र तात्त्विक दृष्टिले जान्ने बन । शास्त्रमा भनिएको कुरा जानेर वा गरेर साध्य छैन, शास्त्रले भनेका कुरा बोध गर, जीवनमा उतार । आफ्ना सबै प्रकारका अभिमान, अहङ्कार- म र मेरो भावलाई समूल

नष्ट गरेर शास्त्रले बताएको निचोड, निगूढ रहस्यपूर्ण तत्त्व- ईश्वर-तत्त्व, चैतन्यतत्त्व, ब्रह्मतत्त्व, स्वस्वरूप परमात्मा भगवान् गोविन्दको भजन गर, चिन्तन गर, मनन गर अनि अन्ततोगत्त्वा भगवान्को साक्षात्कार गरी यत्रो महान् चैतन्य चोलाको सार्थकता सिद्ध गर र आफू धन्य बन। यो भजन सामान्य, सगुण परमात्माको भजनमा मात्र सीमित छैन। भगवान्को भक्तिस्वरूप भजन भएकाले भक्ति त हो निर्गुण अर्थात् स्वस्वरूपको अनुसन्धान अर्थात् आत्मानुसन्धानरूप भक्ति गरे आत्माको यथार्थ बोध हुन्छ। भक्ति नै मुक्तिको साधन हो भन्नुको आशय पनि यही निर्गुण भक्ति हो, आत्माको अनुसन्धानरूप भक्ति हो।

त्यसैले त शङ्कराचार्य भन्नुहुन्छ-

मोक्षकारणसामग्र्यां भक्तिरेव गरीयसी।
स्वस्वरूपानुसन्धानं भक्तिरित्यभिधीयते॥

(विवेकचूडामणि ३२)

(मोक्षका उपायरूप सामग्री किंवा साधनहरूमा भक्ति नै सर्वश्रेष्ठ हो। आफ्नो स्वरूपको अनुसन्धान गर्नु अर्थात् आफू भन्ने तत्त्व के हो भनी खोजीगर्नुलाई नै भक्ति भनिएको छ।)

आत्मोद्धारका लागि भक्ति सर्वोत्कृष्ट उपाय हो। अत्यन्त सरल, सरस एवं निरापद र विवादरहित साधनमा भक्तिलाई नै लिइएको छ- अध्यात्म साधनाका क्षेत्रमा। कर्मकाण्डमा विविधता छ, विवाद छ; ज्ञानकाण्डमा कठिनता छ, कतै कतै अद्वैतविषयक खण्डन-मण्डन पनि छ तर भक्तिमा त्यति विवाद पनि छैन, अनि

त्यति तर्क साथै मतभेद पनि छैन, गाहारो पनि छैन । त्यसैले भित्र अन्तरात्मादेखि वास्तविक भक्ति सम्पादन भए ज्ञानमा आरूढ हुन सजिलो पर्छ र ज्ञानद्वारा मोक्ष लाभ हुन्छ ।

दिनमपि रजनी सायंप्रातः शिशिरवसन्तौ पुनरायातः ।
कालः क्रीडति गच्छत्यायुस्तदपि न मुञ्चत्याशावायुः॥१॥
भज गोविदं भज गोविन्दं भज गोविन्दं मूढमते ।

आउँछ जान्छ दिन अनि रात, साँझ, प्रातः, शिशिर वसन्त ।
खेल्दछ काल, बित्दो छ आयु, तैपनि छुट्दैन आशा वायु॥ भज गोविन्दं ....

अन्वयार्थ :

दिनमपि = दिन पनि, रजनी = रात पनि, सायं = साँझ पनि, प्रातः = बिहान पनि, शिशिरवसन्तौ = शिशिर र वसन्त ऋतु पनि, पुनः = फेरि फेरि (बराबर), आयात = आइरहन्छन्, काल = समय, क्रीडति = खेल्दछ अथवा जगत्लाई खेलाउँछ । आयु = उमेर, गच्छति = जान्छ (बित्तछ) । तदपि = तर पनि, आशावायु = आशाको वायु (त्यान्द्रो)- ले, न मुञ्चति = छोड्दैन ।

भावार्थः

दिनपछि रात आउँछ । अनि रातपछि दिन । त्यस्तै साँझपछि बिहान अनि बिहानपछि फेरि साँझ आउँछ, जान्छ । त्यसै गरी प्रत्येक वर्ष शिशिर ऋतु आउँछ अनि वसन्त पनि बराबर आइरहन्छ । समय बित्दै जान्छ, उमेर ढल्किँदै जान्छ । कसैले, कसैलाई, कहिल्यै पनि पर्खदैनन्; सब आफ्-आफ्ना ताल र सुरमा हुन्छन् । यति हुँदाहुँदै पनि

आशाको पासोरूपी डोरीले सारालाई बाँधिरहेको छ, छोडेको छैन । आशाको हावा लागेका संसारीहरू कुनै न कुनै प्रकारको आशाको त्यान्द्रोमा अल्झेर आफ्नो अनमोल जीवनका दुर्भल घडीहरू बिनसित्ति बिताइरहेका छन् ।

त्यसकारण हे ! बुद्धिहीन मूढहरु हो ! आफ्नो कल्याणको कामना गर्दछौ भने नित्य, निरन्तर परमात्मा गोविन्दको भक्तिपूर्वक भजन गर, गोविन्दकै सेवा गर, गोविन्दकै अर्चना र वन्दना गर ।

तिम्रो आयुमा कालले खेलबहाड गरिरहेछ । हेर्दाहेर्दै तिम्रा बाल, जवानी, प्रौढ समय बिते । कालले तिम्रो आयुलाई खाइसक्यो । अझै पनि तिमीलाई चेत आएको छैन । अब कति बाँचौला र । अब त जति आयु बचेको छ त्यसलाई सदुपयोग गरी अर्थात् हरि-भजनमा, गोविन्द आराधनामा लगाएर जीवनलाई सार्थक बनाउनुमा बुद्धिमानी हुनेछ । त्यसैकारण गोविन्दकै भजन गर । गोविन्दलाई आफ्नो बनाऊ । अथवा आफू गोविन्दको बन ।

अग्रे वन्हिः पृष्ठे भानू रात्रौ चिबुकसमर्पितजानुः ।
करतलभिक्षा तरुतलवासस्तदपि न मुञ्चत्याशापाशः॥२॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते ।

अग्नि अगाडि सूर्य पछाडि, रात घुँडामा मुन्टो घुसारी ।
हातमा भिक्षा, रुखमुनि बास, तैपनि छुट्दैन आशापाश ॥ भज गोविन्दं..

अन्वयार्थः

अग्रे = अगाडि, वन्हि = आगो, पृष्ठे = पछाडि, भानु = सूर्य (छन्), रात्रौ = रातमा, चिबुक = चिउँडो, जानु समर्पित = घुँडामा राखिएको

छ । करतल = हातमा, भिक्षा = (छ), तरुतल = रुखका फेदमा, वास = बास स्थान (छ), तदपि = तैपनि, आशापाश = आशाको पासोले, न मुञ्चति = छोड्दैन ।

भावार्थः

तिमी तपस्वी भएर अगाडिबाट आगो ताप अथवा पछाडि पिठिउँमा घाम ताप; जाडाको रातमा दुई घुँडाका बीचमा चिउँडो घुसारेर कुक्रुक्क परेर बस । करपात्री बनेर अर्थात् हातैमा भिक्षा मागिएको अन्न खाएर सन्तुष्ट बन । रुखका फेदमा बास बस । अर्थात् जतिसुकै सम्पन्न बन वा अत्यन्त विपन्न बन, आशाको पासोले तिमीलाई कहिल्यै छोडेको छैन, छोडेको हुँदैन । करोडौं, अरबौंका मालिक भए तापनि, संसारैका मान्य र शक्तिशाली भए पनि आशाको पासोले नबेरिएका कोही छैनन् । अत्यन्त गरीब भए पनि, अत्यन्त त्यागी, तपस्वी र विरक्त जस्तो देखिए तापनि, खाने भाँडोसम्म, बस्ने बाससम्म, लगाउने धरोसम्म नभएकालाई समेत संसारको भोग विलासरूपी त्यही पापी आशाको पासोले बाँधेकै छ भने हे ! मूढ बुद्धिभएका घोकन्तेहरू हो ! पढेगुनेका, देखेसुनेका मूर्खहरू हो ! अमीरी र गरीबीको, त्यागी र भोगीको घेरोबाट उम्कने र आशाको पासोबाट मुक्त हुने एक मात्र उपाय छ-परमात्मा पुरुषोत्तम गोविन्दको भजन । त्यसैले त्यस्ता सबै प्राणीका उद्धारक गोविन्दको भजन गर। तिमीलाई कहिल्यै पनि अकल्याण नगर्ने गोविन्दको भजन गर । तिम्रो यो लोक र परलोक दुवै लोकका कल्याणकर्ता भगवान् गोविन्दको भजन गर । संसारको आशा पाशबाट मुक्त हुन

नसकुन्जेलका जुनसुकै व्यवहार पनि निरर्थक र नाटकीय मात्र बन्दछन्, वास्तविक बन्दैनन् । त्यसैकारण तीव्र वैराग्यको उदयका लागि गोविन्दको भजन गर ।

यावद्वित्तोपार्जनसक्तस्तावन्निजपरिवारो रक्तः ।
पश्चाद्धावति जर्जरदेहे वार्तां पृच्छति कोऽपिनगेहे ॥३॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमंते ।

आर्जन गर्ने बेलासम्म, आफ्ना परिजन वरपर झुम्म ।
बृद्धभएपछि ! घरमा कोही, गर्दैनन् हा ! सोधीखोजी ॥ भज गोविन्दं .....

अन्वयार्थः

यावत् = जहाँसम्म, वित्त = सम्पत्ति, उपार्जनसक्तः = कमाउन सक्ने हुन्छ, तावत् = त्यहाँसम्म, निजपरिवारः = आफ्नो परिवारका सदस्यहरू, रक्तः= रत्तिएका हुन्छन् (खुशी हुन्छन्) । जर्जर देहे= बूढो शरीर,पश्चात् धावति = पछि भएपछि, गेहे = घरमा, कोऽपि = कसैबाट पनि, वार्ता = कुनै कुरा पनि, न पृच्छति = सोधीखोजी हुँदैन । (गरिदैन)

भावार्थः

जबसम्म सम्पत्ति कमाउन, ल्याउँन, थुप्र्याउन, सक्ने सामर्थ्य तिमीमा रहन्छ अर्थात् थुप्रो सम्पत्ति कमाएर ल्याउँनसक्छौ तबसम्म तिम्रो परिवारका प्रत्येक सदस्य दङ्ग पर्दछन्, रमाउँछन्, तिमीलाई मन पराउँछन्, तिमीदेखि खूब खुशी हुन्छन्, तिम्रो वरीपरी झुमिन्छन् । तर जब तिमी बूढा हुन्छौ, सम्पत्ति कमाउन सक्तैनौ, नाना प्रकारका

रोगहरूले आक्रमण गर्न थाल्दछन् अनि त प्यारा, हितैषी भनिएका परिवारका सदस्यहरू, आफन्त र कुटुम्बहरू समेत तिम्रा विषयमा न त सोधीखोजी नै गर्दछन् न त तिम्रो वास्ता नै गर्दछन् ।

त्यसकारण हे ! मूढ बुद्धि भएका मान्छेहरू हो ! बुद्धि त भएका तर आत्मकल्याण, आत्मोद्धारतिर नलागेका पठितहरु हो ! यो स्वार्थी संसारको पछि लागेर आफ्नो जीवन नगुमाऊ; बरु सदा सर्वदा तिम्रो कल्याण गर्ने, भगवान् गोविन्दको भजन गर । सम्पूर्ण परिस्थितिमा हित गर्ने, उमेर र अवस्थाअनुसार शान्ति, सन्तोष, आनन्द दिने भगवान् गोविन्दको सेवा गर। ज्ञान र वैराग्यको उदय गराइदिएर, आफ्नो जीवनको अन्तिम लक्ष्य पूरा गराइदिने गोविन्दको चिन्तन गर। तिम्रा सबै प्रकारका वैयक्तिक , पारिवारिक, सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय- व्यष्टि र समष्टि सबै किसिमका माया र मोहको जाललाई राम्ररी नै चुँडालेर तिमीलाई सम्पूर्ण चिन्ताबाट पार पुऱ्याइदिने भगवान् गोविन्दको भजन गर ।

जटिलो मुण्डी लुञ्चितकेशःकाषायाम्बर बहुकृतवेषः ।
पश्यन्नपि च न पश्यति मूढ उदरनिमित्तं बहुकृतवेषः ॥४॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते ।

पाली, फाली, लुछ्री कपाल, गेरूवस्त्र छ रूप अनेक ।
देख्तादेख्तै मूर्ख ! नदेख्ने, पेटका निम्ति रूप अनेक ॥ भज गोविन्द

अन्वयार्थः

जटिल = जटा पालेको, मुण्डी = मुडिएको । (कपाल खौरेको लुञ्चित केशः = कपाल लुछेको, काषायाम्बरः =गेरुवावस्त्र धार

गरेको, बहुकृतवेष: = (यस्ता) धेरै वेष भूषा लिएको (भए तापनि), उदर निमित्तं = पेट पाल्नका लागि, बहुकृतवेष: = धेरै भेष धारणा गर्ने, मूढ = मूर्ख मानिस, पश्यन्नपि = देखेर पनि (बाहिर आँखाले देखे तापनि, भित्री आँखा-ज्ञानचक्षु नखुलेकाले) न पश्यति=देख्तैन।

भावार्थ:

यस संसारमा पेट पाल्नका निम्ति ढोंगीहरू एक एक ओटा बहाना बनाएर नाना प्रकारका वेषभूषा धारण गरेर सोझा सिधा जनताहरूलाई अलमल्याउँछन्, ठग्दछन् र आफ्नो भुँडी भर्छन्। त्यस्ता भित्र एउटा, बाहिर अर्कै भएका मूर्ख मानिसहरू देखेर पनि देख्तैनन् अर्थात् शास्त्रको रहस्य थाहा पाएर पनि पालना गर्न सक्तैनन् र आफैंलाई झुक्याइरहेका छन्, धोका दिइरहेका छन्। तिनीहरू कस्ता छन् त भने कोही लामा जटा पालेर बाबाजी बनेका छन् त कोही कपाल, टुपी खौरेर सफाचट पारी संन्यासी भिक्षु कहलाइएका छन्। फेरि कोही त आफ्ना कपालका प्रत्येक रौंलाई एक एक गरेर लुछेर, तानेर, भुत्ल्याएर, उखेलेर साधु बनेका छन्। तिनका धर्ममा कपाल समेत काट्न हुँदैन रे, जीव हत्या हुन्छ रे। कसैको पाल्ने धर्म, कसैको फाल्ने धर्म, अनि कसैको न त पाल्ने, न त फाल्ने, बरु लुछेर उखेल्ने धर्म। कोही गेरुवा वस्त्र लगाउँछन् त कोही सेतो अनि कोही रातो। यस्तै लुगामा लुकेको धर्म त केवल पेट पाल्ने जुक्ति मात्र बन्न गयो अथवा आफ्ना पाप लुकाउने थलो, साधन वा उपाय मात्र।

त्यसकारण नक्कली साधु बन्ने हे मूर्ख ! बरु परमात्मा गोविन्दको भजन गर। उनैले जन्म दिए भने खान, लाउनका लागि हात गोडा पनि दिएका छन्; विचार गर्ने मस्तिष्क दिएका छन् –मन, बुद्धि दिएका छन् भने उनैले तिम्रो पालन पोषण पनि गर्लान्। आजसम्म उनकै कृपाले बाँचिरहेका छौ, हिजो बाँच्यौ भने भोलि पनि बाँचौला। पेट पाल्नका लागि सोझा सिधा जनतालाई झुक्याउन, छकाउन, नाना भेष धारणगर्नु मूर्खता हो। त्यसैले बरू गोविन्दको भजन गर, त्यति भए पुग्छ। गोविन्दले तिम्रो उद्धार गर्नुहुन्छ त्यसैले उहाँकै भजन गर।

भगवद्गीता किंचिदधीता गंगाजललवकणिका पीता।
सकृदपि यस्य मुरारिसमर्चा तस्य यमः किं कुरुते चर्चाम् ॥५॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते।

थोरै होस् बरु गीता पढेर, गंगाजल त्यो पान गरेर।
जसले गर्दछ विष्णुपूजा, यम गर्दैनन् उसको चर्चा॥ भज गोविन्दं...

अन्वयार्थः

भगवद्गीता= श्रीमद्भगवद्गीता, किंचित् = अलिकति पनि, अधीता = पढेको छ, गंगाजल लवः = गंगाजलको, कणिका = छिटा-सम्म पनि, पीता = पिएको छ, सकृदपि = एक पटक पनि, यस्य = जसले, मुरारि समर्चा= विष्णुको पूजा गरेको छ भने; यमः=यमराजले, तस्य= त्यसको, किम् = किन ? चर्चाम् = चर्चा,कुरुते= गर्दछन्।

भावार्थः

मानव जीवन अनमोल छ । यहाँ गर्नुपर्ने धेरै कुराहरू छन् । गर्न नहुने कुरा वा नगर्नु पर्ने कुरा पनि त्यत्तिकै छन् । तिनको राम्रो विचार र मीमांसा शास्त्रहरूले गरेका छन् । शास्त्र भन्नाले वेद आदि श्रुतिशास्त्र, गीता आदि स्मृतिशास्त्र र ब्रह्मसूत्र आदि न्याय शास्त्र हुन् । यिनलाई प्रस्थानत्रयी भनिन्छ । श्रुति, स्मृति, न्याय शास्त्रसम्मत पुराण आदि पनि वास्तवमा शास्त्र नै हुन् । यिनको अध्ययनबाट, अनुसन्धानबाट, यिनकै उहापोह, छलफल, परामर्श आदिबाट हाम्रो आत्यन्तिक कल्याण हुने भएकाले अलिअलि मात्र भए पनि नित्य, नियमितरूपमा श्रीमद्भगवद्गीता पढेको छ, भक्तिपूर्वक पाठ गरेको छ भने, पवित्र-पावन भागीरथी गंगाजीको जलमा स्नान गरेको छ वा गंगाजल पिएको छ भने अर्थात् एक छिटासम्मले पनि स्नान गरेको छ वा एक थोपासम्म भए पनि आचमन गरेको छ भने वा जीवनमा एक पटक मात्र भए पनि परमात्मा भक्तवत्सल, लोककल्याणकारी,भक्तजन दु:खहारी श्रीकृष्णमुरारि भगवान् विष्णुको पूजा गरेको छ भने त्यस्ता परमात्माका भक्त, गीताका उपासक, गंगाका सेवकको यमराजले चर्चासम्म पनि गर्दैनन् । त्यस्ता पुण्यात्माको यमराजले किन खर-ख्वाई गर्थे र ? यमराजले त पापात्माहरूको पो चर्चा गर्दछन् । पुण्यात्मा विष्णुभक्तहरूको चर्चा गर्नु उनको कामै होइन । त्यसकारण ऋ चाहिने कुरा नपढ्ने, नचाहिने कुरा मात्र पढ्ने मूर्ख ! गोविन्दको भजन गर । उनै सर्वान्तरयामी गोविन्दलाई भज । उनै अवतारी, धर्म संस्थापक, परमात्मा गोविन्दको पूजा गर ।

अङ्गं गलितं पलितं मुण्डं दशनविहीनं जातं तुण्डम् ।
वृद्धो याति गृहीत्वा दण्डं तदपि न मुञ्चत्याशापिण्डम् ॥६॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते ।

शरीर गल्यो सब फुल्यो कपाल, दाँत झरीकन मुख छ बेहाल ।
बूढो लठ्ठीका भरमा पर्दै, हिंड्दछ तैपनि आशा गर्दै ॥ भज गोविन्दं....

अन्वयार्थः

अङ्गं = शरीर, गलितं = गलेको छ; मुण्डं = टाउकाको कपाल, पलितं = सेतै भएर फुलिसकेको छ; तुण्डं = मुख, दशनविहीनं =दाँत रहित, जातं = भएको छ; वृद्धः = बूढो, दण्डं गृहीत्वा = लट्ठी टेकेर, याति = हिँड्छ; तदपि = तैपनि, आशा पिण्डम्= आशारूपी पिण्डलाई, न मुञ्चति = त्याग्दैन, छोड्दैन ।

भावार्थः

हे मूढ ! पारमार्थिक बुद्धिको अभाव भएका मूर्ख ! तिम्रा सम्पूर्ण अङ्गहरू- हात, गोडा, इन्द्रिय आदि गलिसके । इन्द्रिय शिथिल भए, शरीरमा शक्ति सामर्थ्य छैन- गोडा लग्लगाउन थाले, गाला सुके वा चाउरी परे, पेट टाँसियो, हात काम्न थाले, आँखाले देख्न छाडे, कानले सुन्न छाडे, दाँत सबै फुक्लिसके । पहिले बालक कालमा तोते थियौ अब थोते भइसक्यौ । काला कपाल फुलेर सेतै भइसके । अब त लट्ठी टेकेर हिँड्न परिसक्यो- गोडा लुला भइसके । हिँड्दा दम बढेर स्वाँ स्वाँ हुन थालिसक्यो । यसरी बूढ्याइँ र रोगले ग्रस्त भएर आफ्नै शरीर आफैंलाई भार जस्तो भइसक्यो तापनि शरीर र

संसार सम्बन्धी नाना प्रकारको आशारूपी पिण्डलाई भने तिमी बूढाले छोडेका छैनौ र त्यसैमा झुण्डिरहेका छौ । तिम्रो संसार प्रतिको वासना, शरीर प्रतिको आसक्ति र सम्पत्ति प्रतिको मोहलाई धिक्कार छ ! त्यसकारण हे हतभागी मूर्खहरू ! परमात्मा गोविन्दको श्रवणरूप भजन गर। शरीरदेखि आफूलाई विरक्त बनाएर उनै गोविन्द प्रभुको मननरूप भजन गर। यति बेला तिम्रा आत्यन्तिक कल्याण गर्न समर्थ त केवल गोविन्द मात्र हुनुभएको हुनाले गोविन्द परमात्माको निदिध्यासनरूप भजन गर ।

बालस्तावत्क्रीडासक्तस्तरुणस्तावत्तरुणीरक्तः ।
वृद्धस्तावच्चिन्तामग्नः परे ब्रह्मणि कोऽपि न लग्नः ॥७॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते ।

बालक काल खेलमा रद्द, तन्नेरीमा तरुनीरक्त ।
वृद्धावस्था चिन्तै लाग्ने, तैपनि ब्रह्ममा कोही नलाग्ने ॥ भज गोविन्दं.

अन्वयार्थः

बालस्तावत् = बालक अवस्था रहुन्जेलसम्म, क्रीडासक्त = खेलकूदमा अनुरक्त रहन्छ; तरुणस्तावत् = युवावस्था रहुन्जेलसम्म, तरुणीरक्त = युवतीहरूका साथमा काम-क्रीडामा मग्न रहन्छ; वृद्धस्तावत् = वृद्धावस्था प्राप्त गरेपछि (बूढो भएपछि), चिन्तामग्न= चिन्ताले सताउन थाल्छ; परे ब्रह्मणि = परब्रह्म परमेश्वरमा, कोऽपि = कोही पनि, न लग्न = लाग्दैन, लागेको देखिदैन ।

भावार्थः

हे मूढ बुद्धि भएका मूर्ख ! जब तिमी बालक थियौ, तिम्रो त्यो अवस्था हाँसखेल गर्दै बित्यो। बालककाल वास्तवमा खेलमा नै बित्छ, परमात्मामा चित्त लागेको हुँदैन। प्रायः सबैको बालककाल खेलकूदमा नै बित्छ । खेल्न पाएपछि केटाकेटीलाई अरु केही चाहिँदैन । यो केटाकेटीको स्वभाव हो । तिमीले पनि केटाकेटी बेला खेलमा नै बितायौ होला । जब तिमी जवान भयौ, तन्नेरी भयौ त्यतिखेर तिम्रो चित्तवृत्ति जवान स्त्रीहरूमा लट्ठ भयो । तिमी वासनाबाट वासित भएर रातदिन तरुनीहरूका पछि लाग्यौ अथवा कामासक्त भएर जवानी बितायौ। त्यति बेला तिमीलाई भगवान् गोविन्दको भजन गर्ने बुद्धि कतैबाट आएन। तरुनीहरूको भजन गर्दै जीवनको त्यत्रो महान् समय त त्यत्तिकै बितायौ । बूढो भएपछि नाना प्रकारका आगत र अनागतका चिन्ताले तिमीलाई थिचिसकेको छ । बेला गइसकेपछि जतिसुकै चिन्ता गरे पनि, रोई-कराई गरेपनि तिम्रो उद्धार हुँदैन त्यसकारण तिमीले आफ्नो बाल, यौवन एवं वृद्धावस्थामा परब्रह्म परमात्मा भगवान् गोविन्दको भक्ति गरेनौ र सदाकाल संसारी कुरामा नै आसक्त भयौ । अब त विचार गर, बेला बितिसक्यो भगवान् गोविन्दको भजन गर। अहिले पनि गोविन्दको भजन, चिन्तन मनन आदि गरेनौ भने कहिले गर्ने ? गोविन्द मात्रको भजन गर भजनीय गोविन्द मात्र हुनुभएकाले उहाँकै चिन्तन गर, पूजन गर गुणानुवाद गर, अनुसन्धान गर, जप-पाठ गर। केटाकेटी छँदा खेल्दैमा समय बित्यो । खेल्नुभन्दा बाहेक अरु कामै के थियो र ? भविष्यमा यसो होला, उसो होला भन्ने ज्ञान त बालककालमा हुने पनि

भएन। अनि त बाल्यकाल खेलकै लागि जस्तो हुन गयो। जब यौवनावस्था भयो, तन्नेरी बेलामा आफ्नी श्रीमती वा अन्य तरुनीहरूका पछि लाग्दैमा ठीक भयो। त्यतिखेर त कहिल्यै बूढो होइँदैन कि भन्ने ठानेर रातदिन, सदासर्वदा इन्द्रियहरू तन्दुरुस्त भइरहन्छन् भन्ने ठानेर युवतीहरूमा नै आसक्त बनेर समय बितायौ। जब बूढो भयौ अनि त एकातिर रोगले र अर्कातिर नाना भाँतिका चिन्तै-चिन्ताले सताउन थाल्यो। पहिलेदेखि नै बाल्यावस्था आदि तीन अवस्था आउँछन्, जान्छन् भन्ने ठानेको र मानेको भए; बाल्यावस्था र यौवनावस्था त क्षणिक हुन्, शरीरका अवस्था हुन्, मैले एक दिन बूढो भएर नाना प्रकारका रोग र शोकले ग्रस्त हुनुपर्छ भन्ने राम्ररी बुझेको भए; बुझेर सोही अनुसार गोविन्दमा भक्ति लगाएको भए तिम्रो कल्याण हुने थियो। तर तिमीले कहिल्यै पनि परब्रह्म परमात्मामा मन दिएनौ! त्यस्तै तिमी जस्तै बुद्धि बिग्रेका अरुहरूले पनि यसै गरी आफ्नो जीवनका महत्वपूर्ण बेलाहरू बिताए, परब्रह्ममा रमाउन जानेनन्। त्यसैकारण हे मूर्ख मूढ! आजसम्म तिमी मरिसकेका छैनौ, त्यसैले गोविन्द भगवान्‌को भजन, चिन्तन गर। उनै गोविन्दको पूजा, अर्चना गर। गोविन्दकै भर पर।

पुनरपि जननं पुनरपि मरणं पुनरपि जननीजठरे शयनम्।
इह संसारे भवदुस्तारे कृपया पारे पाहि मुरारे ॥८॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते।

जन्मनु फेरि मर्नु छ फेरि, मर्नु र जन्मनु फेरि फेरि।
यो संसार अति दुस्तार, पार लगाऊ गर्छु पुकार ॥ भज गोविन्दं ..

अन्वयार्थः

पुनरपि = फेरि पनि, जननं = जन्म हुन्छ; पुनरपि = फेरि पनि, मरणं = मृत्यु (हुन्छ); पुनरपि = फेरि पनि, जननीजठरे = आमाका गर्भमा, शयनम् = सुत्नु पर्छ; भवदुस्तारे = जन्म लिएपछि तर्न कठिन भएको यस संसार सागर,अपारे = पार पाइनसकिने छ । मुरारे =मुर दैत्यका शत्रु हे कृष्ण ! इह संसारे = यस संसारमा, कृपया = कृपा-पूर्वक, पाहि = रक्षा गर्नुहोस् ।

भावार्थः

हे मूर्ख ! आदिकालदेखि नै तिमीले असंख्य जन्म लिइसक्यौ । चौरासी लाख योनिमा यातना भोगिरहेका छौ । यसजन्ममा पनि यति उमेर भइसक्दा त तिमीलाई के कुरा थाहा भइसक्नुपर्ने थियो भने परमात्मा गोविन्दको भजनबिना नै जीवन बित्यो भने बराबर यही धरतीमा जन्मिरहनु पर्छ, मरिरहनु पर्छ । अज्ञानीहरु जन्मन्छन्, बारम्बार विकराल कराल कालको पासोमा परी फेरि मर्छन्; फेरि आमाको दुर्गन्धमय, कष्टमय गर्भमा बास बस्न पुग्छन् र आमालाई प्रसवजन्य नाना प्रकारका दु:ख दिन्छन् । जन्म लिएपछि शास्त्र सज्जनको उपदेश एवं आफ्नो पुरुषार्थबिना तर्न कठिन, पार पाइ-नसक्ने यस्तो डरलाग्दो संसारबाट मुक्त हुने बाटो खोज । हे मूर्ख ! मुरनामक दैत्यलाई समाप्त गरी परमधाम पठाइदिनुहुने, मुरका शत्रु हे परमात्मा कृष्ण ! हे मुरारि ! कृपापूर्वक मेरो र आफ्नो उद्धार गर्न तत्पर भएका प्रभुका भक्तहरूको रक्षा गर्नुहोस् भनी प्रार्थना गर । तिम्रो उद्धारको अर्को बाटो नै छैन । तिमीलाई पूर्ण वैराग्यको उदय

हुनुपर्ने बेला भइसक्यो । अझै तिमीमा चेत खुलेको छैन, भगवान्तिर चित्तवृत्ति लागेको छैन भने बरबाद भयो, समय बितिसक्यो ।

यसैकारण गोविन्द नारायणको भजन गर । संसारबाट पार उतार्ने परमात्मा प्रभु गोविन्दको सम्झना गर । जन्म मृत्युको चक्रबाट पार पुऱ्याइदिने, भवसागरबाट सदाको लागि उद्धार गरिदिने उनै गोविन्द भगवान्को शरणमा परी भजन गर ।

पुनरपि रजनी पुनरपि दिवसः पुनरपि पक्षः पुनरपि मासः।
पुनरप्ययनं पुनरपि वर्षं तदपि न मुञ्चत्याशामर्षम् ॥९॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते ।

फेरिई आउँछन् रात र दिन यी, फेरिई आउँछन् पक्ष र मास ।
अयन र वर्ष नि फेरिई आउँछन् , कहिले नछुट्ने क्रोध र आश ॥
भज गोविन्दं....

अन्वयार्थः

पुनरपि = फेरि पनि, रजनी = रातको आगमन हुन्छ; बित्दै जान्छ; पुनरपि = फेरि पनि, दिवस = दिनको आगमन हुन्छ, बित्दै जान्छ; पुनरपि = फेरि पनि, पक्ष = शुक्ल र कृष्ण पक्षको आगमन हुन्छ, बित्दै जान्छ; पुनरपि = फेरि पनि, मास = महिनाको आगमन हुन्छ, बित्दै जान्छ; पुनरपि = फेरि पनि, अयनम् = उत्तर र दक्षिण अयनहरूको आगमन हुन्छ, बित्दै जान्छ; पुनरपि = फेरि पनि, वर्षम् = वर्षको आगमन हुन्छ, बित्दै जान्छ, तदपि = तर पनि, आशामर्षम् = आशा र क्रोधलाई अर्थात् काम र क्रोधलाई, संसारी - विषयी मानिस, न मुञ्चति = त्यागदैन ।

भावार्थः

हिजो जस्तै फेरि पनि रात आउँछ, जान्छ। त्यस्तै दिन पनि आउँछ, जान्छ। यही नै क्रमले शुक्ल पक्ष आउँछ, जान्छ। अनि कृष्ण पक्ष आउँछ, जान्छ। त्यसै गरी हप्ता, महिना पनि बित्दै जान्छन्। अयन आउँछ, जान्छ-कहिले उत्तरायण त कहिले दक्षिणायन। यो क्रम किन रोकिन्थ्यो र! यति हुँदा, यसरी समय परिवर्तन भइरहँदा, आउँदा, जाँदा पनि मानिसका घैंटामा घाम लाग्दैन र ऊ आशा र क्रोधको अर्थात् काम र क्रोधको वशवर्ती बनेर समयको अपहेलना गरी परमात्मा गोविन्दको संझनामा समयको सदुपयोग गर्न जान्दैन, सक्तैन। त्यसैकारण हे मूर्ख ! गोविन्द ईश्वरको भजन गर। दिनमा, रातमा, प्रातः कालमा, संध्या कालमा गोविन्दको भजन गर। समय पर्खदैन, बित्दै जान्छ, तिम्रो आयु समाप्त हुँदैगर्छ। त्यसैले समय छँदै गोविन्द परमात्मामा आफूलाई सुम्पेर उनैको चिन्तन गर, भजन गर, सेवा गर।

वयसि गते कः कामविकारः शुष्के नीरे कः कासारः।
क्षीणे द्रव्ये कः परिवारो ज्ञाते तत्त्वे कः संसार ॥१०॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते।

यौवनभर हो कामको काल, पानी नभए केको ताल ?
पैसा नभए के परिवार ? तत्त्व बुझेमा के संसार ? भज गोविन्दं....

अन्वयार्थः

वयसि = यौवनावस्था, गते = व्यतीत भएपछि, काम-विकार= मनोवान्छा सम्बन्धी विकार, कः = कहाँ हुन्छ ? नीरे

शुष्के = पानी सुकिसकेपछि, कासार = तलाउ वा पोखरी, कः = कहाँ बाँकी हुन्छ र ? द्रव्ये नष्टे = सम्पत्ति सकिएपछि, परिवार = परिवार, कः = कहाँ वास्ता गर्छन् ? तत्त्वे ज्ञाते = परब्रह्म परमात्म तत्त्वको बोध भएपछि, संसार = यो संसार अर्थात् संसारको वासना कः= कहाँ ? (बाँकी रहन्छ र ?)

भावार्थः

जवानी बितेपछि रतीक्रिडा जस्ता काम सम्बन्धी विकार कहाँबाट हुन्थ्यो र ? त्यस्तै पानी सुकेपछि पोखरीको अस्तित्त्व नै कहाँ हुन्छ र ? सम्पत्ति सकिएपछि परिवारबाट केको प्रेम पाइन्थ्यो र ? परब्रह्म परमात्माको तत्त्व साक्षात्कार भएपछि यो विकारी, परिणामी,मायिक संसारको अस्तित्वको स्वीकृति किन हुन्थ्यो र ? त्यसैकारण तत्त्वज्ञानकै लागि, संसारी, विकारी, परिणामी, जवानी,सम्पत्ति र नामरूपात्मक क्लेशप्रद, क्षणिक संसार आदिको यथार्थ रहस्य जान्नका लागि अनि परब्रह्म परमात्माको यथार्थ बोध गर्नका लागि आज नै, अहिले नै श्रीगोविन्द प्रभुको भजन गर। तत्त्वसाक्षात्कारका लागि गोविन्दकै पूजा, पाठ गर, खोज गर, ध्यान गर। अखण्ड, आनन्द समुद्रमा निमग्न हुनका लागि गोविन्दकै अध्ययन, अनुसन्धान गर।

नारीस्तनभरनाभिनिवेशं मिथ्यामायामोहावेशम् ।
एतन्मांसवसादि विकारं मनसि विचारय वारवारम् ॥११॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते ।

नारी छाती-नाइटोसम्म, मासु, बोसो, रक्त-विकार ।
मोहले छोप्दा सुन्दर लाग्ने, विचार गर है बारम्बार ॥ भज गोविन्दं.

अन्वयार्थः

नारी = नारी (कों), स्तन भर = स्तनको भार, नाभि = नाइटो-सम्म निवेशम् = पुगेको, मांस = मासु, वसादि = बोसो आदिको, विकारम् = विकार हो । मिथ्या = झुटा, माया = जादू, मोहावेशम् = बेहोशीले गर्दा (मोहले गर्दा), एतत् = यो, वारंवारम् = सधैं, सधैं नै, मनसि = मनमा, विचारय = विचार गर ।

भावार्थः

हे मूढबुद्धि भएका कामी हो ! झुट्टो मायाको मोहमा फसेर तिमी नारीको स्तनको उच्चतामा, नाइटोसम्मले ओगटेको मासु र बोसो आदिको विकारपूर्ण रचनामा अल्मलिरहेका छौ अर्थात् नारीको शरीरमा हाड, छाला, मासु, बोसो आदि भौतिक बिकारले बनेका मिथ्या, नाशवान् मांसादिको सौन्दर्यमा लोभिएका, लालायित भएका छौ । त्यसकारण यो भावना, यो मोह, यो आसक्तिले तिम्रो कल्याण कदापि गर्दैन । आफ्नो आत्यन्तिक कल्याण र पारमार्थिक भलो चाहने हौ भने यो शरीर अनित्य एवं नाशवान् हो भन्ने कुरा सदाकाल विचार गर । यही विचारको परिपाकबाट तिम्रो चित्त शुद्ध हुन्छ र शुद्धचित्तमा परमात्माको साक्षात्कार हुन्छ । त्यसैले हे मूर्ख ! गोविन्दको भजन, कीर्तन गर । गोविन्दले नै तिम्रो विचार शुद्ध पारिदिनुहुन्छ, त्यसैले गोविन्दको चिन्तन गर, आफ्नो उद्धारकै लागि गोविन्दलाई भज ।

कस्त्वं कोकहं कुत आयातः का मे जननी को मे तातः ।
इति परिभावय सर्वमसारं विश्वं त्यक्त्वा स्वप्नविचारम्॥१२॥
भज गोविन्दं भज गोविन्द भज गोविन्दं मूढमते ।

को हौ ? को हुँ ? कहाँबाट आयौ ? आमा को हुन् ? बाबु को हुन्?
सोच सबै यो सर्व असार, सपनासरिको बुझ संसार ॥ भज गोविन्दं.

अन्वयार्थः

त्वं क = तिमी को (हौ) ?, अहं कः = म को (हुँ) ?, कुत आयात = कहाँबाट आएका हौ ?, मे = मेरी, जननी का = आमा को हुन् ?, मे तातः क्व = मेरा बुबा को हुन् ?, इति = यसरी, स्वप्नविचारम् = सपनाको जस्तै हो भनी विचार गर, विश्व = संसार (लाई) त्यक्त्वा= त्यागेर, सर्वम्= सबै, असारं = साररहित,(हो भनी) परिभावय= जान, बुझ ।

भावार्थः

तिमी को हौ ? म को हुँ ? तिमी कहाँबाट आएका हौ ? म कहाँबाट आएको हुँ ? मेरी आमा को हुन् ? मेरा बाबु को हुन् ? यसरी विचार गर्दैजाँदा सारा सपना जस्तो लाग्नेछ । कारण अहिलेका बाबु आमा पूर्व जन्ममा को थिए ? कहाँ थिए ? आफू पनि पूर्व जन्ममा कहाँ थिइयो ? को थिइयो ? को बुबा ? को छोरा ? कहिलेका बाबु ? कहिलेकी आमा ? यो सब बिनामूलको कुरा हो । वास्तवमा विचार गर्दा संसार त सपना समानै हुने भएकाले यस्तो संसारलाई सपना नै भनी भित्रदेखि नै त्यागेर, यो सबै ब्रह्माण्डलाई नै साररहित भनी जान । त्यसैले हे बुद्धिहीन मूर्ख ! आफ्नो वास्तविक कल्याणका निमित्त कल्याणका मूर्तरूप श्रीगोविन्दको भजन गर । गोविन्दबाहेक तिम्रो भलो गर्नसक्ने अरू कोही नभएकोहुनाले

गोविन्दकै वन्दनारूप भजन गर। तिम्रो चित्तका सम्पूर्ण विकारहरू समाप्त पारी परमपदमा पुऱ्याउने अहैतुकी कृपा गर्ने श्रीगोविन्द प्रभुको भजन गर।

गेयं गीतानामसहस्रं ध्येयं श्रीपतिरूपमजस्रम्।

नेयं सज्जनसङ्गे चित्तं देयं दीनजनाय च वित्तम् ॥१३॥

भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते।

गाऊ गीता, नाम हजार, विश्वम्भरको ध्यान गरेर।

चित्त लगाऊ सज्जनसंगमा, देऊ धन त्यो दु:खीजनमा ॥भजगोविन्दं.

अन्वयार्थः

गीतानामसहस्रम् = श्रीमद्भगवद्गीता र विष्णुका हजार नाम (विष्णुसहस्रनामस्तोत्रम्)गेयम् = गाऊ। श्रीपतिरूपम् = लक्ष्मीका पति विष्णुको श्रीविग्रह (स्वरूप)को, अजस्रम् = सधैं, ध्येयम् = ध्यान गर। सज्जनसंगे = सज्जनको संगतिमा, चित्तम् = मन, नेयम् = लगाऊ। दीनजनाय = दु:खी मानिसलाई, वित्तम् = धन, देयम् = देऊ।

भावार्थः

श्रीमद्भगवद्गीताको अर्थ बुझेर नित्य पाठ गर, श्रीविष्णुसहस्रनामस्तोत्रम्को पनि भक्तिपूर्वक अर्थसहित नित्य नै पाठ गर। परमात्मा श्रीविष्णुभगवान्को मुहारको-श्रीविग्रहको (स्वरूपको) सदासर्वदा ध्यान गर। सज्जनहरूको संगत गर अर्थात् सत्संग गर। सत्संगपट्टि नित्य मन लगाऊ अनि आफूबाट आशा गर्ने दु:खी,

दरिद्र, अनाथहरूलाई आफूसँग भएको अर्थ-धन -सम्पत्ति, अन्न आदि दिएर तिनलाई सन्तोष दिलाऊ । तिनको आत्माले आशीर्वाद देओस् ! यति गऱ्यौ भने तिम्रो अवश्य पनि कल्याण हुनेछ । त्यसैले गोविन्दको भजन गर । हे मूर्ख ! सदाकाल उनै परमात्मस्वरूप गोविन्दको भजन गर । फेरि पनि विष्णु भगवान् गोविन्दको भजन गर ।

यावज्जीवो निवसति देहे कुशलं तावत्पृच्छति गेहे ।
गतवति वायौ देहापाये भार्या विभ्यति तस्मिन्काये ॥१४॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते ।

जीव देहमा रहँदासम्म, संचो-विसंचो सोध्छन् गृहमा ।
प्राण गएपछि पत्नीसम्म, डर्छिन् देखी शरीर अचम्म ॥ भज गोविन्दं.

अन्वयार्थः

यावत् = जबसम्म, देहे = शरीरमा, जीव = जीव, निवसति = रहन्छ, तावत् = तबसम्म, गेहे = घरमा, कुशलम् = कुशल क्षेम, पृच्छति = सोध्छे, सोध्छन् । देहापाये =शरीर छोडेर, वायौ = प्राण, गतवति = गएपछि, तस्मिन्काये = त्यस शरीरमा (त्यस शरीरलाई देखेर) भार्या = आफ्नै पत्नी-श्रीमती समेत, विभ्यति = डराउँछे ।

भावार्थः

जबसम्म तिम्रा शरीरमा जीवात्माको बास हुन्छ, तबसम्म घरमा आफ्ना जहान परिवार तिम्रो क्षेम कुशल अर्थात् संचो-

विसंचोको सोधीखोजी गर्दछन् । तर जब शरीरलाई छोडेर जीवात्मा अन्यत्र जान्छ वा प्राणले त्यस शरीरलाई छोडेर वायुमा विलीन हुन्छ अर्थात् मानिस मर्दछ अनि त त्यो प्राणरहित शरीर - मूर्धा, लासलाई देखेर आफ्नै श्रीमती समेत डराउँछे र सकेसम्म चाँडो त्यस लासलाई घरबाट निकाल्नैमा कल्याण देख्तछे । त्यसकारण यस्तो क्षणिक शरीरमा अभिमान नगरी; नाशवान्, मर्ने-जन्मने मिथ्या शरीर नै सबथोक हो भन्ने नठानी; शरीरको भर नपरी; जुन बेला पनि परमात्मा गोविन्दको भजन गर । अशरीरी, क्षेत्रज्ञ, साक्षीस्वरूप गोविन्दको भजन गर । उनैको गुणगान गाऊ, गोविन्दको बारम्बार भजन, चिन्तन गर ।

सुखतः क्रियते रामाभोगः पश्चाद्धन्त शरीरे रोगः ।
यद्यपि लोके मरणं शरणं तदपि न मुञ्चति पापाचरणम् ।१५।
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते ।

सुखसित पहिले रामाभोग, गर्छन् पछि ता लाग्दछ रोग ।
प्राणी सब हुन् काल-अचार ! तैपनि गरने पापाचार ॥ भज गोविन्दं.

अन्वयार्थः

सुखतः = सुखका लागि, रामा = सुन्दरी, भोगः = रमण, क्रियते = गरिन्छ । पश्चात् = पछि, शरीरे = शरीरमा, रोग = रोग लाग्छ। हन्त = हरे ! यद्यपि = हुन त, लोके = संसारमा, मरणं = मृत्युको, शरणम् = शरण (अधीन) छ, तदपि = तैपनि, पापा चरणम् = पापकर्मलाई , न मुञ्चति = त्याग्दैन ।

भावार्थः

संसारी भोगवासनामा लिप्त भएको कारण सुखका निमित्त सुन्दरी तरुनीहरूसँग रमण गरिन्छ । त्यसैको परिणामले पछि शरीरलाई रोगले ग्रस्त पार्छ । यद्यपि यस लोकमा (मर्त्यलोकमा) मरणको शरण नपरी कुनै उपाय नै छैन अर्थात् सम्पूर्ण प्राणीहरूले अन्ततोगत्त्वा मरणका अधीनमा नपरी सुखै छैन, नमरी हुँदैहुँदैन । तथापि मूर्खबुद्धि भएका पापात्माहरू पाप कर्मलाई त्याग्दैनन् । त्यसकारण यो सम्पूर्ण प्रकारको पापकर्मबाट मुक्त हुनका लागि, मृत्युको अधीनबाट आफूलाई स्वतन्त्र बनाउनका लागि, सुखका निम्ति सुन्दरीहरूका साथ रमण गर्नु नै पर्छ भन्ने धारणाबाट पार पाउनका लागि अनि चित्तशोधनपूर्वक परमात्मा पुरुषोत्तम नारायणको साक्षात्कारका लागि गोविन्दको भजन गर । भित्र अन्तरात्माका शान्ति प्रदाता गोविन्दलाई भज । यो लोक र परलोकका उद्धारक गोविन्द प्रभुको भजन गर ।

रथ्याकर्पटविरचितकन्थः पुण्यापुण्यविवर्जितपन्थः ।
नाहं न त्वं नायं लोकस्तदपि किमर्थं क्रियते शोकः ॥१६॥
भज गोविन्दं भज गोविन्द भज गोविन्दं मूढमते ।

थोत्रा झुत्रा वस्त्र लगाऊ, पाप र पुण्य ती दुवै भगाऊ ।
न त म , न तिमी, न त यो लोक, तैपनि केका लागि शोक ?भज गोविन्दं..

अन्वयार्थः

रथ्याकर्पट = फाटेका पुराना झुत्रा कपडाका टुक्रा (को), कन्थ = लुगा, विरचित = बनाऊ । पुण्यापुण्य = पाप र पुण्यको,

पन्थ = बाटो (मार्ग), विवर्जित = त्याग । न अहम् = न म, न त्वम् = न तिमी, नअयनलोक = न यो संसार, तदपि = तैपनि किमर्थं = केका लागि, शोक = चिन्ता, क्रियते = गर्दछौ ।

भावार्थः

फाटेका पुराना झुत्रा कपडाका टुक्राको लुगा लगाऊ, पाप र पुण्यको बाटोदेखि आफू पर बस । पाप र पुण्य पनि मनकै कुरा त हो नि । तिमी मनदेखि टाढा होऊ । लुगा राम्रो, नराम्रो भन्ने पनि मन नै हो । यी सारा मानसिक कुराहरूदेखि विविक्त बनी आफूलाई शुद्ध साक्षी ठानेमा म पनि, तिमी पनि अनि यो संसार पनि वास्तवमा छैन, यी साराकुरा कल्पित हुन्, मनसम्मका अठोट हुन् । जब मनभन्दा माथि पुगिन्छ अनि तँ-म, राम्रो-नराम्रो, पाप-पुण्य आदि केही पनि बाँकीं रहँदैनन् । यसरी आफ्ना स्वरूपमा बसेपछि चिन्ताको कुनै विषय नै बाँकी रहँदैन । त्यसैले तिमी केका लागि चिन्ता गर्दछौ ? निश्चिन्त बन । त्यसैकारण हे मूढ बुद्धि भएका मूर्ख ! आफू सम्पूर्ण विकारदेखि रहित हुनका लागि परमात्मा गोविन्दको भजन गर । राम्रो नराम्रो भनाइबाट मुक्त हुनका निम्ति गोविन्द नारायणको भजन गर । यस संसारको आसक्तिबाट आफूलाई निर्लिप्त बनाउनका निम्ति उनै भगवान् गोविन्दको भजन गर ।

कुरुते गंगासागरगमनं व्रतपरिपालनमथवा दानम् ।
ज्ञानविहीने सर्वमनेन मुक्तिर्न भवति जन्मशतेन ॥१७॥
भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते ।

गर्दछ गंगासागर स्नान, व्रत परिपालन अथवा दान ।
जन्म सयौं हुन् तर पनि जान, ज्ञान नभैकन मुक्ति हुदैन ॥
भज गोविन्दं ....

अन्वयार्थः

गंगासागरगमनम्=गंगासागरको यात्राले, व्रतपरिपालनम् = नियमित व्रतले, अथवा = वा, दानम् = दान, कुरुते= गरे तापनि, ज्ञान-विहीने = ज्ञानको प्राप्ति नभैकन, सर्वमनेन = यी सब कुराले, जन्म-शतेत = सय जन्मसम्म (पनि), मुक्ति=मुक्ति, न भवति=हुँदैन ।

भावार्थः

अत्यन्त पवित्र तीर्थ मानिएको गंगासागरको यात्रा गरे तापनि, नियमितरूपमा विभिन्न प्रकारका व्रतहरू बसेर आफ्ना पापहरू प्रक्षालन गर्न खोजे तापनि अथवा शास्त्रले बताए अनुसार नाना भाँतिका दान दिए तापनि, जीवात्मा र परमात्माको एकता ज्ञान अर्थात् ब्रह्म वस्तुको यथार्थ बोध, 'तत्त्वमसि' आदि महावाक्यको सम्यक् ज्ञान नभईकन माथिका सम्पूर्ण कुराहरू सम्पादन भए तापनि सय जन्मसम्म पनि मुक्ति हुँदैन । त्यसैकारण तीर्थ- शिरोमणि श्रीपरमात्मा गोविन्दको भजन गर । सम्पूर्ण प्रकारका व्रतहरूले विभूषित भएका, सबै प्रकारका दानहरूका मूर्तरूप श्रीपरमात्मा गोविन्दको भजन गर । आत्म-साक्षात्कारका निम्ति, ब्रह्मबोधका लागि वेदले बताए अनुसारको महावाक्यको यथार्थ ज्ञानका लागि ज्ञानस्वरूप, ब्रह्मरूप श्रीपरमात्मा श्रीगोविन्दको भजन गर ।

१२८८

सभाका सदस्यहरुद्वारा, परिषद्द्वारा समय समयमा निर्धारित नियम वा कार्यविधि अनुसार गोप्यमतदानको आधारमा हुन्छ । परिषद्का सदस्यहरुले आफू मध्येवाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, र सचिव छान्ने छन् । संस्थाको संचालनसम्वन्धी सम्पूर्ण अधिकार संचालकपरिषद्मा रहेको छ ।

संस्थाका कोषहरु

संस्थाका दुइ प्रकारका कोषहरु छन् :

१.पूँजी कोष, २. कार्यसंचालन कोष

पुँजी कोष:- संस्थालाई प्राप्त सवै सहायता पूँजी कोषमा जम्मा गरिने छ । पूँजी कोषमा रहेको रकमलाई परिषद्को निर्णय अनुसार सरकारी धितोपत्रहरुमा, वाणिज्य वैंकहरुका वचत र मुद्दती खातामा, अन्य सुरक्षित क्षेत्रमा तथा संस्थाको काममा मद्दत पुग्ने कार्यमा लगानी गरिने छ । पूँजीकोषवाट सामान्यत: सालवसाली कुनै काममा खर्च गर्न पाइने छैन ।

कार्यसंचालन कोष:- पूँजी कोषको लगानीवाट प्राप्त आय, कार्यसंचालन कोषमा जम्मा गरिने छ । संस्थाका प्रकाशनहरुको विक्रीवाट प्राप्त आय तथा अन्य आय पनि कार्यसंचालन कोषमा जम्मा गरिन्छ । संस्थाको स्वीकृत कार्यक्रमका लागि जो चाहिने खर्च यसै कोषवाट वेहोरिन्छ ।

कोषहरुको संचालन परिषद्द्वारा तोकिए अनुसार कोषाध्यक्षको रेखदेखमा गरिने छ । कोषहरुको आम्दानी खर्चको लेखा, संचालकपरिषद्द्वारा तोकिएको ढाँचामा राखिन्छ । संस्थाको लेखाको परीक्षण साधारणसभाद्वारा नियुक्त रजिष्टर्ड लेखापरीक्षकद्वारा गरिन्छ।

वार्षिक प्रतिवेदन

संस्थावाट प्रत्येक वर्ष संस्थाको अघिल्लो वर्षको गतिविधि र लेखापरीक्षण भएको वासलात र नाफा नोक्सानको हिसाव समावेश रहेको एक वार्षिक प्रतिवेदन प्रकाशित गरिने छ ।

सम्पर्क

'गीता समुदय प्रकाशन' सम्वन्धी थप जानकारी चाहिएमा फोन नं. ४७१-३९० वा २२८-९१५ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

गीता समुदय प्रकाशन

एक संक्षिप्त परिचय

"गीता समुदय प्रकाशन" को स्थापना संघ संस्था दर्ता ऐन, २०३४ अन्तर्गत २२ पौष ,२०५२ मा गरिएको हो ।

संस्थाको उद्देश्य

संस्थाको मुख्य उद्देश्य जनसाधारणमा, खासगरी युवावर्गमा, सनातन धर्मप्रति रुचि र आस्था बढाई एक सर्वाङ्गीण रूपमा उन्नत समाजको विकासमा योगदान गर्नु हो । उपर्युक्त उद्देश्य प्राप्तिका लागि संस्थाले विशेष गरी निम्नलिखित कार्यहरु गर्नेछ :-

१. जनसाधारणमा सनातन धर्मप्रति रुचि र आस्था बढाउने किसिमको पुस्तक पत्रपत्रिका इत्यादि प्रकाशन गर्ने ।

२. वालवालिकाहरुलाई हाम्रो सनातनधर्म र संस्कृतिको जानकारी गराउने सरल भाषामा लेखिएका पुस्तक पुस्तिका प्रकाशन गर्ने ।

३. संस्थाका उद्देश्यहरु पूरा गर्ने किसिमको अन्य प्रकाशन तथा कार्यहरु गर्ने ।

संस्थाको साधारण सभा

संस्थाका सवै सदस्यहरु साधारण सभाका सदस्यहरु हुने छन् । संस्थाको सदस्यता शुल्क यस प्रकार छ-

आजीवन सदस्यता रु १,०००।- वा अधिक संरक्षण सदस्यता रु. २५,०००।- वा अधिक

संस्थाका आजीवन सदस्यहरुलाई 'समुदय' पत्रिका आजीवन नि:शुल्क तथा अन्य प्रकाशनहरु आधा मूल्यमा उपलब्ध गराइने छ । संरक्षकसदस्यहरुलाई संस्थाका सवै प्रकाशनहरु पाँच प्रति नि:शुल्क उपलब्ध हुने छन् ।

संचालकपरिषद्

संस्थाको कार्यसंचालनका लागि १३ सदस्यहरु भएको एक संचालकपरिषद् रहेको छ । परिषद्का सदस्यहरुको निर्वाचन साधारण

(बाँकी भित्री कभरमा)